# भाषातत्त्वको सिकाइमा रचनामुखी शिक्षण विधि

**[१]विष्णुप्रसाद शर्मा, [२]गणेश चालिसे**
[१]उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, पोखरा
[२]उपप्राध्यापक, जनप्रिय बहुमुखी क्याम्पस, पोखरा
**Email :** sharmabp997@gmail.com, gchalise68@gmail.com
https://doi.org10.3126/kanyaj.v6io1.87726

**सार**

प्रस्तुत अनुसन्धानत्मक लेख भाषातत्त्व शिक्षणका क्षेत्रमा केन्द्रित छ । स्नातक तहको नेपाली भाषातत्त्व( व्याकरण) शिक्षणमा रचनामुखी विधिको उपयोग अवस्थाको लेखाजोखा गर्नु प्रस्तुत अनुसन्धानको उद्देश्य हो । यसका लागि गुणात्मक अनुसन्धान विधि, व्याख्यावादी दृष्टिकोण, रचनामुखी व्याकरण शिक्षणका सिद्धान्त, आगमनात्मक पद्धति र मामला अध्ययन ढाँचालाई आधार बनाइएको छ । यसो हुनाले यस कार्यमा सत्य, ज्ञान, मूल्य र तर्कलाई पनि गुणात्मक विधिका आधारमा निर्धारण गरिएको छ । कास्की जिल्लामा स्नातक तहका कक्षा सञ्चालन भएका दश वटा शिक्षालयमा पुगी कक्षा अवलोकन उपकरणका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यसैगरी पुस्तकालय कार्यबाट पनि द्वितीयक स्रोतका तथ्याङ्क सङ्कलन गरी तिनको विषयगत (थिमेटिक) आधारमा व्याख्या, विश्लेषणका साथ प्राप्त परिणामउपर छलफल गरिएको छ । भाषातत्त्वका प्रतिमान (अक्षर संरचना, वर्णविन्यास, शब्दस्रोत, शब्दवर्ग, शब्दनिर्माण लगायत) को शिक्षणमा रचनामुखी विधिको उपयोग अवस्था सन्तोषजनक देखिन्छ । भाषातत्त्व शिक्षणमा व्याख्या, छलफल, प्रश्नोत्तर, अन्तरक्रिया, समूहकार्य, नियम, उदाहरण, परिभाषा जस्ता रचनामुखी व्याकरण शिक्षणका विधिभित्र पर्ने सामान्य कार्यकलापको उपयोग भए पनि प्रस्तुतीकरण, पुनर्लेखन, उत्पादन परियोजना कार्यजस्ता विशिष्ट कार्यकलापको उपयोग सर्वत्र भएको देखिँदैन । समग्रमा यस तहको व्याकरण शिक्षण अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६) र स्नातक तहको अनिवार्य नेपाली पाठ्यक्रम (२०७९) को मर्म र भावनाअनुसार अपेक्षित मात्रामा रचनामुखी बन्न सकेको देखिँदैन । निर्धारित पाठ्यवस्तुको सिकाइ सहजीकरणका लागि पाठ र सन्दर्भलाई आधार बनाई सिकारुमैत्री र सहभागितामूलक सिकाइ शैलीका आधारमा रचनामुखी व्याकरण शिक्षणलाई सफल र प्रभावकारी बनाउन आवश्यक हुन्छ ।

***शब्दकुन्जी*** : रचना, पाठ, भाषातत्त्व, शिक्षण, स्नातक

## विषयप्रवेश

भाषाका व्यवस्थाहरूको अध्ययन गर्ने शास्त्रका रूपमा व्याकरणलाई लिइन्छ । यसो हुनाले भाषा र व्याकरणको अभिन्न सम्बन्ध देखिन्छ । व्याकरणले भाषामा अन्तर्निहित संरचना र नियमहरूको व्याख्या एवम् विश्लेषण गर्दछ । यसो हुनाले सिकारुले भाषा सिक्दा व्याकरण स्वतः सिक्दै जान्छ भन्ने मान्यता पाइन्छ । यसकारण भाषाशास्त्रीहरू व्याकरणलाई भाषाविज्ञानको महत्त्वपूर्ण पक्षका रूपमा लिएका छन् । यसै सन्दर्भमा प्रस्तुत अनुसन्धानमा स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रमअन्तर्गत भाषातत्त्व पक्षमा केन्द्रित रही अध्ययन गरिएको छ । अध्ययनमा रचनामुखी शिक्षण विधिको उपयोगलाई आधार बनाइएको छ । यसका लागि स्नातक तह सञ्चालन भएका कास्की

जिल्लाका १० ओटा शिक्षालयमा पुगेर कक्षा अवलोकन उपकरणका माध्यमबाट तथ्य सङ्कलन गरी प्राज्ञिक जिज्ञासाको खोजी गरिएको छ । अनुसन्धानमा गुणात्मक विधिलाई आधार बनाइएको छ ।

पाठ्यक्रमले निर्धारण गरेका पाठ्यवस्तुलाई उपलब्धिमूलक बनाउन विविध शिक्षण विधि र कार्यकलाप अपेक्षित हुन्छन् । व्याकरण शिक्षणमा पनि आगमन विधि, निगमन विधि, प्रत्यक्ष विधि, कार्यमूलक विधि, भाषा पाठ्यपुस्तक विधिलगायतको उपयोग हुँदै आएको देखिन्छ । यस क्रममा पाठ र रचनालाई आधार बनाएर सिकारुमैत्री र सहभागितामूलक किसिमले व्याकरण शिक्षण गर्न रचनामुखी विधिको उपयोग गरिएको पाइन्छ (अधिकारी, २०७०/७१, पृ. ४-५) । परम्परागत निगमन विधिमा आधारित असान्दर्भिक रुढि र निरपेक्ष व्याकरण शिक्षण विधिका विपरीत रचनामुखी व्याकरण शिक्षण विधि सजीव र सान्दर्भिक हुन्छ । रचनामुखी व्याकरण शिक्षण विधिको आधार सम्प्रेषणात्मक व्याकरण शिक्षण हो । यस विधिबाट व्याकरण शिक्षण गर्दा नियम र सूत्रको उपयोग भन्दा पाठको उत्पादनमा जोड दिइन्छ । यसबाट व्याकरण शिक्षण रुचिकर र सरल हुने देखिन्छ ।

प्रस्तुत अध्ययनसँग सम्बन्धित भएर यस पूर्व केही कार्यहरू भएका छन् । थर्नबरी (सन् २००२), रिचर्डस र रोजर्स (सन् २००७), पाठ्यक्रम विकास केन्द्र (२०६६) तथा गौतम र अन्य (२०६९) ले स्नातक तहमा भाषातत्त्वको शिक्षणका सैद्धान्तिक र प्रायोगिक पक्षमा चर्चा गरेका छन् । यसैगरी पौडेल (२०७०/७१), अधिकारी (२०७०/७१), सुवेदी र अन्य (२०७२), भट्टराई र शर्मा (२०७४) र वस्ती ( २०७४), शर्मा (२०७७, २०८१) ले पनि विद्यालय तथा विश्वविद्यालय तहमा व्याकरण शिक्षणका विधि तथा तरिकामा आधारित भएर अध्ययन गरेका छन् । यसो भए तापनि उक्त अध्ययनहरू स्नातक तहको अनिवार्य नेपाली विषयमा केन्द्रित भई रचनामुखी शिक्षण विधिको उपयोगका तहसम्म पुग्न सकेको पाइँदैन । यसबाट प्रस्तुत अध्ययनको पूर्वकार्यसँगको रिक्तता देखिन्छ । यही रिक्तता पूरा गर्ने कार्य यस लेखमा गरिएकाले अध्ययनको औचित्य स्पष्ट हुन्छ । अध्ययनलाई त्रिभुवन विश्वविद्यालयअन्तर्गत शिक्षाशास्त्र सङ्काय स्नातक तह प्रथम वर्षको शैक्षिक सत्र २०८१ मा परिसीमित गरिएको छ ।

## अनुसन्धानात्मक समस्या र उद्देश्यकथन

शिक्षण चुनौतीपूर्ण एवम् गौरवमय कार्य हो । यसमा पनि व्याकरण शिक्षणलाई सफल र प्रभावकारी बनाउनु प्राज्ञिक एवम् प्राविधिक दृष्टिले चुनौतीपूर्ण मानिन्छ । यस कार्यमा कक्षा शिक्षणमा गरिने शैक्षणिक र मनोवैज्ञानिक गतिविधिले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य एवम् सिपगत सक्षमताको परिपूर्ति उपयुक्त सिका सहजीकरणबाट मात्र सम्भव हुने देखिन्छ (शर्मा, २०८१, पृ. ट) । व्याकरण शिक्षणलाई निगमन, आगमन, अभ्यास, एकीकृत, रचनामुखी, पाठ, सन्दर्भमध्ये कुन विधिलाई महत्त्व दिने भन्ने समस्या एकातर्फ छ भने अर्कोतर्फ तहगत रूपमा उपयोग गरिने शैक्षणिक विधिमा पनि विविधता देखिन्छ । उपयुक्त शिक्षण विधिको उपयोगका अभावमा व्याकरण शिक्षण जटिल, नीरस, कृत्रिम र सैद्धान्तिक हुने गरेको छ (अधिकारी २०७० / ७१ पृ. ३) । यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालयद्वारा सञ्चालित स्नातक तहको वर्तमान अनिवार्य नेपाली विषयअन्तर्गत भाषातत्त्व खण्डको शिक्षणलाई रचनामुखी तथा व्यावहारिक बनाउने प्रस्ताव गरिएका सन्दर्भमा उक्त तहको भाषातत्त्व शिक्षण प्रक्रियालाई रचनामुखी एवम् सम्प्रेषणात्मक बनाइएको छ वा छैन भन्ने तथ्य खोजीको विषय बनेको छ ।

व्याकरण शिक्षण गर्दा साना कक्षामा धारणामूलक र ठुला कक्षामा व्यावहारिक / प्रायोगिक बनाउने मान्यतालाई कक्षा कार्यक्रममा उपयोग भएको छ वा छैन भन्ने विषय पनि खोजमूलक देखिन्छ

। यसैगरी रचनामुखी व्याकरण शिक्षण विधिमा आधारित भई सिकाइलाई प्रस्तुतीकरण, अभ्यास र उत्पादनमा केन्द्रित (थर्नबरी, सन् २००२, पृ. iv–vii) बनाइएको छ वा छैन भन्ने प्राज्ञिक प्रश्न टड्कारो बनेको छ। यससम्बन्धी चासो र चिन्तनको निराकरणबाट मात्र रचनामुखी व्याकरण शिक्षण विधिले सफलता पाउन सक्ने देखिन्छ। यही मुख्य समस्याकथनमा आधारित प्रस्तुत अनुसन्धानको मुख्य उद्देश्य स्नातक तहमा भाषातत्त्वको सिकाइमा रचनामुखी शिक्षण विधिको उपयोग अवस्थाको खोजी गर्नु रहेको रहेको छ।

## सैद्धान्तिक आधार

भाषा, साहित्य, कला, दर्शन, राजनीति, शिक्षण आदिको अध्ययन र चिन्तन गर्ने प्राचीन थलो मूलतः पश्चिमी युरोपलाई मानिन्छ। युरोपभित्र पनि ग्रीस, रोम, जर्मन, फ्रान्सजस्ता देश, त्यहाँका सचेत वर्ग र भाषा अग्रपङ्क्तिमा देखिन्छन् (बन्धु, २०५७, पृ. २७ - २९)। खासगरी जर्मनेली, फ्रान्सली र बेलायती भाषाविद्हरूबाट पूर्वीय र पश्चिमी भाषाहरूको सङ्कलन गरी तिनीहरूको ऐतिहासिक तथा तुलनात्मक अध्ययन, अध्यापन र अनुवादको काम ई.को १९ औँ शताब्दीको अन्त्यबाट हुँदै आयो। २०औँ शताब्दीको आरम्भबाट जब आधुनिक भाषाविज्ञानको जन्म भयो, त्यसको प्रभावका सङ्केतहरू भाषाशिक्षणका क्षेत्रमा देखा गर्न थाले। भाषावैज्ञानिक अध्ययनलाई भाषाशिक्षणमा उपयोग गर्ने अभिरुचिसँगै प्रायोगिक भाषाविज्ञानको सुरुवात भयो। युरोपमा तत्कालीन समयमा प्रचलित लेख्य भाषामा आधारित व्याकरण अनुवाद पद्धतिको विपरीत कथ्य भाषामा जोड दिइयो। फलस्वरूप भाषाको ध्वनिवैज्ञानिक अध्ययन हुन थाल्यो। यस प्रकारको अध्ययनसँगै भाषाशिक्षणमा ध्वन्यात्मक विधि र प्रत्यक्ष विधिको विकास भयो। भाषाविद् फ्राइज, वैन्रिख, ल्याडो, स्किनरजस्ता विद्वान्हरूले भाषावैज्ञानिक अध्ययनलाई भाषाशिक्षणमा उपयोग गर्न थाले (शर्मा २०८१, पृ.४)। फलस्वरूप भाषा तथा व्याकरण शिक्षणमा विभिन्न सिद्धान्त, विधि र प्रक्रियाको विकास भएको पाइन्छ।

व्याकरण भाषा शिक्षणको अभिन्न अङ्ग हो। भाषाभन्दा बाहिर व्याकरणको र व्याकरणविना भाषिक समृद्धिको कल्पना गर्न सकिँदैन। व्याकरण शिक्षणलाई पूर्वमा पाणिनि, पतञ्जलिलगायतले शब्दसिद्धि तथा अनुशासनका रूपमा र पश्चिममा अङ्ग्रेजी विद्वान स्वीटले व्याकरणलाई भाषाको व्यावहारिक विश्लेषण गर्ने शास्त्र तथा जागरले भाषाका नियमको व्याख्या गर्ने शास्त्रका रूपमा स्वीकारेका छन्। व्याकरण शिक्षणमा सामान्यतया आगमन विधि, निगमन विधि, पाठ्यपुस्तक विधि, प्रत्यक्ष विधि, कार्यमूलक विधि प्रयोग हुँदै आएका छन्। समसामयिक सन्दर्भमा व्याकरणलाई विशेषतः उदाहरण, अभ्यास, पाठ, सन्दर्भ, प्रस्तुतीकरण र उत्पादनकेन्द्रित सिकारुमैत्री र सहभागितामूलक तरिकाबाट शिक्षण गर्न सकिन्छ भन्ने धारणा थर्नबरी (सन् २००२, पृ. १४-१४०) को छ। यसलाई पाठ र सन्दर्भमा आधारित रचनामुखी व्याकरण शिक्षण विधिका रूपमा लिइन्छ। पाठ वा रचनाबाट भाषातत्त्वका विभिन्न पक्ष खोज्ने तथा सोही पाठ र वाक्यढाँचामा आधारित भएर त्यस्तै अर्को कोटि/वाक्यढाँचाको निर्माण गराउने गर्नाले सिकारुमा भाषासँगै व्याकरणको धारणा बसाल्न सकिन्छ। यसबाट व्याकरण शिक्षण सरल, स्वाभाविक र रचनात्मक बन्न पुग्छ।

सिकारुलाई व्याकरण सिकाउँदा नियम र उदाहरण घोकाउनुभन्दा भाषाको सन्दर्भसँग जोडेर सिकाउनु राम्रो हुन्छ। उदाहरणका लागि भूतकालको धारणा बसाल्नु पर्दा सिकारुमा भूतकाल वा विगतका घटना वा सन्दर्भलाई आधार बनाउन सकिन्छ। यस कार्यमा शिक्षक उत्प्रेरक वा सहजकर्ताका रूपमा रही व्याकरण शिक्षणमा सिकारुलाई भाषासँग खेल्न लगाइन्छ। रचनामुखी व्याकरण शिक्षण

विधिमा भाषा र व्याकरणलाई एकीकृत रूपमा सिकाउने कार्य गरिन्छ । भाषाभित्र व्याकरण हुने हुनाले बालकले भाषा सिक्दा व्याकरण पनि स्वतः सिक्दै जान्छ (अधिकारी, २०७० / ७१, पृ. ४ - ५) । भाषाभित्र व्याकरण छ र भाषाको शुद्ध प्रयोग गर्दै जाँदा व्याकरणिक ज्ञान र सुझको पनि विकास हुँदै जान्छ भन्ने मान्यता यसमा पाइन्छ । व्याकरणलाई परम्परागत नियम र उदाहरणका माध्यमबाट बुद्धिविलासको विषय बनाएर सिकाउनुभन्दा व्यावहारिक रूपमा प्रयोगाभ्यासबाट सिकाउन रचनामुखी व्याकरण शिक्षणले जोड दिन्छ ।

रचनामुखी व्याकरण शिक्षण विद्यार्थी केन्द्रित मान्यता हो । यसमा शिक्षकको भूमिका उत्प्रेरक र सहजकर्ताका रूपमा रहन्छ । व्याकरणभित्र भाषा वा विभिन्न भाषिक एकाइहरूको अध्ययन गरिन्छ । भाषाको शुद्ध प्रयोग क्षमताको विकास गर्न, शब्दवर्ग, वर्णविन्यास, रूपायन, वाक्यरचनालगायत पक्षसँग सम्बन्धित व्याकरणात्मक नियम तथा व्यवस्थाको खोजी गरी सोअनुकूल भाषिक सिपको परिष्कार गर्न रचनामुखी व्याकरण शिक्षणको महत्त्व देखिन्छ हुन्छ । यस विधिअनुसारको शिक्षणमा विद्यार्थी विद्यार्थी तथा शिक्षक विद्यार्थीबिच व्यापक अन्तरक्रिया हुन्छ । सिकारुमा रहेको पूर्वज्ञानको उपयोग गर्दै थप प्रेरित गरिन्छ। यसर्थ रचनामुखी व्याकरण शिक्षणले जोन डिबे, भिगोत्स्की, पियाजेलगायतको रचनावाद सिद्धान्तको पनि आधार लिएको छ (जु तथा ब्राउन, सन् २०१५, पृ. १३ - ४८) । यस मान्यताअनुसार व्याकरण शिक्षण गर्दा शिक्षकले खास भाषातत्त्वमा आधारित रचना दिन्छन्, सोहीअनुसार विद्यार्थीले अर्को रचना तयार गर्छन् । उक्त रचना कक्षामा सुनाउँछन् । आवश्यक छलफल टिप्पणी र पृष्ठपोषणका माध्यमबाट सिकाइ रचनात्मक, सिर्जनात्मक, सम्प्रेषणात्मक र सफल हुन्छ । यसबाट सिकारुलाई व्याकरण सिक्न पट्यारलाग्ने नभई सिकाइ सरल र सरस हुन्छ (पौडेल, २०७०/७१, पृ. ८) । यसबाट भाषा र व्याकरणको सिकाइ एकैसाथ हुन्छ ।

यसर्थ व्याकरण शिक्षणलाई सिर्जनात्मक, रुचिपूर्ण र सार्थक बनाउन भाषा शिक्षणमा रचनामुखी व्याकरण विधि महत्त्वपूर्ण देखिन्छ। प्रस्तुत अनुसन्धानमा स्नातक नेपाली पाठ्यक्रमले निर्दिष्ट गरेका भाषातत्त्व सम्बद्ध पाठ्यवस्तुमा केन्द्रित रही यिनै रचनामुखी व्याकरण शिक्षणका सैद्धान्तिक आधारलाई गरिएको छ ।

## अनुसन्धान विधि र प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक विधिमा आधारित छ । यसका लागि व्याख्यावादी दर्शन र रचनामुखी व्याकरण शिक्षण सिद्धान्तको आधार लिइएको छ । अनुसन्धानको दार्शनिक दृष्टिकोण र तथ्याङ्क सङ्कलन तथा विश्लेषण प्रक्रियालाई यहाँ क्रमशः उल्लेख गरिएको छ :

### दार्शनिक दृष्टिकोण

प्रस्तुत अनुसन्धानले बहुल सत्यलाई आधार बनाएको छ । स्नातक तहको अनिवार्य नेपाली विषयको पाठ्यक्रममा केन्द्रित भई भाषातत्त्वको सिकाइमा रचनामुखी शिक्षण विधिको उपयोग अवस्थाको खोजीलाई नै प्रस्तुत अनुसन्धानमा सत्य (अन्टोलोजी) का रूपमा लिइएको छ । यस्तो सत्य विषयगत रहेको छ। यसैगरी कक्षा अवलोकनबाट प्राप्त तथ्य, रचनामुखी व्याकरण शिक्षणसँग सम्बन्धित सिद्धान्तजस्ता द्वितीयक स्रोतका सामग्रीलाई ज्ञानको स्रोत (इपिस्टोमोलोजी) मानिएको छ । यस्तै भाषातत्त्वको सिकाइमा रचनामुखी व्याकरण शिक्षण विधिको उपयोगसँग सम्बन्धित सन्दर्भलाई मूल्य ( एक्जियोलोजी) का रूपमा लिइएको छ । यस प्रकारको मूल्य सापेक्षतामा आधारित उपयोगितावादी

रहेको छ । यस अनुसन्धानको मूल्य निष्कर्षका रूपमा आएको छ । अनुसन्धानमा तर्कलाई लम्बीय र क्षितिजीय रूपमा सङ्गठित गरिएको छ ।

**तथ्याङ्क सङ्कलनका तरिका**

प्रस्तुत अनुसन्धानमा तथ्याङ्क सङ्कलनका लागि मूलतः क्षेत्रीय अध्ययन विधि र अंशतः पुस्तकालय कार्यको उपयोग गरिएको छ । क्षेत्रीय अध्ययन विधिअन्तर्गत कक्षा अवलोकन फारमको सहायता लिई कास्की जिल्लाका १० वटा शिक्षालयमा पुगेर गुणात्मक अनुसन्धानमा आधारित तथ्य सङ्कलन गरिएको छ । यसमा व्यवहारको उपस्थिति वा अनुपस्थितिलाई हो वा 'होइन का आधारमा रुजु गरी जनाइन्छ भन्ने बेस्ट र खान (सन् २००१) को मतलाई आधार बनाएर रुजु सूची निर्माण गरिएको छ । यसैगरी रचनामुखी व्याकरण शिक्षण विधिसँग सम्बन्धित अनुसन्धान ग्रन्थ तथा लेखहरूजस्ता द्वितीयक स्रोतका सामग्रीबाट आवश्यक सूचना सङ्कलन गरिएको छ ।

**तथ्याङ्क विश्लेषणका प्रक्रिया**

प्राथमिक र द्वितीयकका स्रोतबाट सङ्कलित तथ्यलाई गुणात्मक अध्ययन विधिका आधारमा विश्लेषण गरिएको छ। प्राप्त तथ्यको बोध, वर्गीकरण र प्रस्तुतीकरण गरी प्राज्ञिक जिज्ञासाका आधारमा विश्लेषण गरिएको छ । विश्लेषणबाट प्राप्त परिणामलाई छलफल गरिएको छ । छलफलमा पूर्व अध्येतासँग संवाद गरिएको छ भने रचनामुखी व्याकरण सिद्धान्तको पनि आधार लिइएको छ । स्नातक तहको भाषातत्त्वअन्तर्गत अक्षर संरचना, वर्णविन्यास, शब्दवर्ग, शब्दस्रोत, शब्द निर्माणजस्ता पक्षको शिक्षणमा आधारित भई तालिकाको सहायताबाट रचनामुखी शिक्षण विधिको उपयोग अवस्थाको खोजी गरिएको छ । यस क्रममा अपेक्षित विधिसँग सम्बन्धित कार्यकलापको उपस्थितिमा सकारात्मक चिह्न (+) र अनुपस्थितिमा नकारात्मक चिह्न (-) ले सङ्केत गरिएको छ । यसरी भाषातत्त्वका हरेक उपशीर्षकका लागि अलगअलग सूचकहरू निर्माण गरी तिनको उपयोग अवस्थालाई केलाइएको छ ।

## तथ्यको प्रस्तुतीकरण र विश्लेषण

त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तहको शिक्षाशास्त्र र मानविकी सङ्कायको अनिवार्य नेपाली विषयमा व्याकरण खण्डअन्तर्गत निश्चित अङ्कको व्याकरणसम्बद्ध पाठ्यवस्तु निर्धारण गरिएको छ । यसमा अक्षरीकरण, वर्णविन्यास, शब्दस्रोत, शब्दवर्ग, शब्दनिर्माण, वाक्यतत्त्वपरक रचना, वाक्यान्तरण र वाक्यसंश्लेषणजस्ता पाठ्यवस्तु निर्धारण गरिएको छ। यिनै पाठ्यवस्तुमा आधारित भई कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई निम्नानुसार प्रस्तुतीकरण गरी विश्लेषण गरिएको छ :

**अक्षर संरचना शिक्षण**

अक्षर वर्णभन्दा माथिल्लो उच्चार्य एकाइ हो। स्वासको एक झोक्का वा पकडमा उच्चारण हुने वर्ण वा वर्ण समूहलाई अक्षर भनिन्छ। लेख्य र कथ्य स्वरूपमा अक्षरको सङ्ख्या घटीबढी हुन्छ। यसर्थ अक्षर शिक्षणमा मानक उच्चारणलाई ख्याल गर्न लगाइन्छ। अतः उच्चारण र लेख्य रूपका बिच भिन्नताको पहिचान गराई वर्णविन्यासको शिक्षण गर्नुपर्छ (पाठ्यक्रम विकास केन्द्र, २०६६, पृ. १५३)। यसका निम्ति परम्परागत वर्ण र उच्चार्य वर्णको सूची बनाई तिनमा पाइने भिन्नता शिक्षार्थीलाई चिनाउनु आवश्यक छ। रचनामुखी किसिमले अक्षर संरचना शिक्षणका लागि विद्यार्थीलाई कुनै प्रसङ्गमा आधारित रचना गर्न लगाउने र उक्त रचनामा प्रयुक्त विभिन्न शब्दको मानक उच्चारण गर्न लगाई अक्षर संरचना शिक्षण गर्न सकिन्छ। कुनै पाठ वा रचना वा सामग्री (कन्टेन्ट) दिई त्यसबाट मानक

उच्चारणको अभ्यास गराई अक्षर संरचनाको पहिचान गराउन सकिन्छ । अक्षर संरचना शिक्षणका क्रममा कक्षा अवलोकनबाट प्राप्त नतिजालाई तालिका १ मा प्रस्तुत गरिएको छ :

*तालिका १* : **अक्षर संरचना शिक्षण**

| **कार्यकलाप** | **कक्षा अवलोकन** |
|---|---|
| परिभाषा दिने | + |
| उदाहरण दिने | + |
| मानक उच्चारण गरिदिने | + |
| प्रश्नोत्तरगत अभ्यास गराउने | + |
| व्याख्या छलफल गराउने | + |
| नियम बताउने | + |
| रचना वा पाठलाई आधार बनाउने | + |
| प्रस्तुतीकरण गर्न लगाउने | - |
| रचना हेरी आवश्यक पृष्ठपोषण दिने | + |
| पुनः प्रस्तुतीकरण गर्न लगाउने | - |

सङ्केत : (+) = हो/हुन्छ/छ, ( - ) = होइन/हुँदैन/छैन ।

तालिका १ अनुसार कक्षा अवलोकनका क्रममा प्रश्नावलीमा भनिएअनुसारकै अवस्था देखिन्छ । रचना वा पाठलाई आधार बनाई मानक उच्चारण गरेका कक्षा कम देखिन्छन् । धेरै कक्षाहरूमा परम्परागत नियम, परिभाषा र उदाहरणलाई आधार बनाइएको छ । अतः दिइएको पाठ वा रचना तथा विद्यार्थीका रचनालाई आधार बनाई छलफल, प्रस्तुतीकरण, उत्पादन, पुनर्लेखन र पृष्ठपोषणजन्य कार्यकलापमा आधारित रचनामुखी शिक्षणतर्फ प्रयास भएको स्नातक तहको अक्षर संरचना शिक्षणमा पाइन्छ ।

**वर्णविन्यास शिक्षण**

वर्णविन्यास लेख्य भाषाको एकरूपता र शुद्धतासँग सम्बन्धित विषय हो । यसअन्तर्गत पदयोग, वियोग, ह्रस्व-दीर्घ, ब, व, श-ष-स, हलन्त-अजन्त आदि पर्दछन् । वर्णविन्यासको शुद्ध प्रयोगमा अभ्यस्त हुन तत्सम, तद्भव, आगन्तुक तथा मौलिक शब्दको ज्ञान पनि हुनु आवश्यक छ । वर्णविन्यासको शिक्षणमा सचेत भएर पढ्ने र सोहीअनुसार लेख्ने बानी बसाल्न लगाउनुपर्छ । नियम, परिभाषा र उदाहरण कण्ठ गर्न लगाउनुभन्दा वर्णविन्यास मिलाई ससाना अनुच्छेदमा कुनै सान्दर्भिक कुरा लेख्न लगाउने, लेखेको सामग्री शिक्षकले हेरिदिने, सच्याइदिने, पुनर्लेखन गर्न लगाउने, लेखेको रचना कक्षामा सुनाउने र पुनः प्रयोगका लागि विद्यार्थीका रचना शिक्षकले सङ्कलन समेत गर्ने हो भने सिकारुलाई वर्णविन्यास शिक्षण गर्न सरल र प्रभावकारी हुन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६६, पृ. १६-१७) । रचनामुखी व्याकरण शिक्षणको मूल प्रयोग विधि पनि यही हो । वर्णविन्यासको शिक्षणका लागि जुनसुकै सामग्रीको पनि सहयोग लिन सकिन्छ । लेख्य सामग्री पत्रपत्रिका, पुस्तक, सूचना, साहित्यजस्ता सङ्कथनमा पाठलाई आधार बनाउन सकिन्छ (रिचडर्स र रोजर्स, सन् २००७, पृ. २०५-२१०) । पाठ वा सङ्कथनभित्र भाषाका सबै एकाइहरू समेटिने हुँदा यसबाट वर्णविन्यास शिक्षण पनि प्रभावकारी र जीवन्त बन्छ । वर्णविन्यास शिक्षणका क्रममा कक्षा अवलोकनबाट प्राप्त नतिजालाई तालिका २ मा प्रस्तुत गरिएको छ :

*तालिका २* : **वर्णविन्यास शिक्षण**

| **कार्यकलाप** | **कक्षा अवलोकन** |
|---|---|
| नियमअनुकूलको अभ्यास गराउने | + |
| सचेततापूर्वक पाठको पढाइ र लेखाइ गराउने | + |
| रचना/अनुच्छेद लेखन र वर्णन गराउने | + |
| शब्दकोशको प्रयोग गराउने | + |
| प्रस्तुतीकरण गराउने र पृष्ठपोषण दिने | - |
| पुनर्लेखन र पुनर्प्रस्तुतीकरण गराउने | - |

सङ्केत : (+) = हो/हुन्छ/छ, ( - ) = होइन/हुँदैन/छैन ।

तालिका २ अनुसार प्रश्नावलीमा भनिएअनुसार कक्षा अवलोकनका क्रममा वर्णविन्यासलाई नियम, प्रयोग र उदाहरणका साथै पाठ र सन्दर्भका माध्यमबाट नै शिक्षण गरेको देखिन्छ । रचना वा सिर्जनालाई आधार बनाएर वर्णविन्यासमा अभ्यस्त बनाउने, भाषालाई व्याकरणसँग जोड्ने, लेखिएको रचनाका बारेमा कक्षामा छलफल गरी पृष्ठपोषण दिने र पुनः वर्णविन्यास मिलाई सान्दर्भिक रचना लेख्न लगाउनाले र्वाविन्यास शिक्षण सरल र प्रभावकारी हुन्छ ।

**शब्दवर्ग शिक्षण**

एक वा एकभन्दा बढी अक्षरको मेलबाट बनेको अर्थपूर्ण भाषिक संरचना शब्द हो । शब्दहरू अर्थका दृष्टिले कोशीय र व्याकरणिक, स्रोतका आधारमा तत्सम, तद्भव, आगन्तुक, बनोटका आधारमा मूल र व्युत्पन्न, माध्यमका आधारमा उच्चार्य र लेख्य तथा प्रकृतिका आधारमा धारणात्मक र संरचनात्मक गरी विभिन्न प्रकारका हुन्छन् (अधिकारी, २०६७, पृ. १-८६) । यसका अतिरिक्त वाक्यमा पदले गर्ने कार्यका आधारमा नाम, सर्वनाम, विशेषण, अव्यय र क्रिया गरी शब्दलाई मुख्य पाँच वर्गमा पनि विभाजन गर्न सकिन्छ । शब्दवर्ग शिक्षणका क्रममा शब्दवर्गको परिभाषा र प्रकारको ज्ञानतिर जोड दिनुभन्दा वाक्यमा प्रयोग, परिवेश र त्यसले गरेको कार्य पहिल्याउनमा जोड दिनुपर्छ । सर्वप्रथम कक्षामा शब्दवर्गको सामान्य परिचय दिई अनुच्छेद वा पाठ/वाक्यका माध्यमबाट शब्दको वाक्यगत प्रयोगलाई आधार बनाएर कक्षामा समूहगत छलफल, प्रश्नोत्तर, टिप्पणी, अभ्यास र प्रस्तुतीकरण गराउनु पर्छ ( पाठ्यक्रम विकास केन्द्र, २०६६, पृ. २४-२५) । यस क्रममा विद्यार्थीका रचना, अनुच्छेद वा कुनै रचना/पाठलाई माध्यम बनाई शब्दवर्ग शिक्षण गर्न सकिन्छ । यस क्रममा प्रस्तुतीकरण, अभ्यास र उत्पादन (थ्रिपि मोडल) लाई विशेष ध्यान दिनैपर्छ, जुन रचनामुखी व्याकरण विधिको आधार हो ( थर्नबरी, सन् २००२, पृ. १) । शब्दवर्ग शिक्षणका क्रममा कक्षा अवलोकनबाट प्राप्त नतिजालाई तालिका ३ मा प्रस्तुत गरिएको छ :

*तालिका ३* : **शब्दवर्ग शिक्षण**

| कार्यकलाप | कक्षा अवलोकन |
|---|---|
| रचना वा पाठमा आधारित | + |
| नियम, उदाहरण, परिभाषा | + |
| शब्दकोशको प्रयोग | - |
| प्रस्तुतीकरण र अभ्यास | - |
| पृष्ठपोषण र मूल्याङ्कन | + |
| पुनर्लेखन र पुनर्प्रस्तुतीकरण | - |

सङ्केत : (+) = हो/हुन्छ/छ, ( - ) = होइन/हुँदैन/छैन ।

तालिका ३ अनुसार कक्षा अवलोकनका क्रममा प्रश्नावलीमा भनिएअनुसार अनुच्छेद वा रचनालाई सबै कक्षामा आधार बनाइएको पाइँदैन । आधाभन्दा बढी कक्षाहरूमा वाक्य वा शब्दका माध्यमबाट शब्दवर्ग शिक्षण गराइएको पाइन्छ । कक्षाको आकार ठुलो हुने र अनुच्छेद वा पाठलाई प्रसङ्गअनुकूल रचना गरी शब्दवर्ग शिक्षण गर्न झन्झटिलो लाग्ने धेरै शिक्षकहरूको मौखिक उत्तर देखिन्छ । अतः स्नातक तहमा शब्दवर्ग शिक्षण पूर्णतः रचनामुखी बन्न नसकी पाठ र सन्दर्भ उन्मुख भएको पाइन्छ ।

**शब्दस्रोत शिक्षण**

स्रोतका आधारमा शब्दलाई तत्सम, तद्भव र आगन्तुक गरी तीन वर्गमा विभाजन गरिएको पाइन्छ । नेपालीको माउ भाषा संस्कृत हो । नेपालीमा संस्कृतबाट प्रशस्त शब्द आएका छन् । नेपालीमा संस्कृतबाट कुनै रूप परिवर्तन नभई आएका तत्सम शब्द, संस्कृतबाट प्राकृत अपभ्रंश हुँदै रूपमा केही परिवर्तन भएर आएका तद्भव शब्द र संस्कृतबाहेक अन्य भाषाबाट आएकालाई आगन्तुक शब्द भनिन्छ (सुवेदी र अन्य, २०७४, पृ.१५) । शब्दस्रोत शिक्षणका लागि विद्यार्थीलाई शब्दकोशको उपयोग गर्न लगाउनु उपयुक्त हुन्छ । त्यसैगरी शब्दको प्रकृति हेरी शब्दस्रोत छुट्याउन पनि लगाउन सकिन्छ । अनुच्छेद वा पाठमा प्रयुक्त शब्दको प्रकृति हेरी शब्दस्रोत पहिचान गराउनु उत्तम हुन्छ (पाठ्यक्रम विकास केन्द्र, २०६६, पृ.१५३-१५४) । यसका लागि विद्यार्थीद्वारा रचित अनुच्छेद वा छुट्टै पाठ वा रचनालाई आधार बनाउन सकिन्छ । पाठमा प्रयुक्त शब्दको प्रकृति हेरी शब्दस्रोत छुट्याउन लगाउने, आवश्यकतानुसार शब्दकोशको प्रयोग गर्न लगाउने, विद्यार्थीका उत्तरलाई कक्षामा सुनाउन लगाउने, छलफल, प्रश्नोत्तर गराउने, विद्यार्थीका उत्तरप्रति टिप्पणी गरिदिने, पुनर्लेखन गर्न लगाउने र आवश्यक पृष्ठपोषण दिने गर्नाले शब्दस्रोत शिक्षण सफल र प्रभावकारी हुन्छ । शब्दस्रोत शिक्षणका क्रममा कक्षा अवलोकनबाट प्राप्त नतिजालाई तालिका ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४ अनुसार कक्षा अवलोकन गर्दा आधाभन्दा बढी कक्षाहरूमा अनुच्छेद वा पाठलाई आधार बनाई त्यसमा प्रयुक्त शब्दको प्रकृति हेरी शब्दस्रोत छुट्याउन लगाइएको पाइन्छ । केही कक्षाहरूमा शब्दस्रोतको परिचय, वर्गीकरण र उदाहरणका सहायताले शब्दस्रोत शिक्षण गरिएको देखिन्छ । शब्दकोशको प्रयोग गर्ने भनिए तापनि कक्षामा कहीँ पनि प्रयोग गरिएको देखिँदैन । विद्यार्थीका रचनालाई आधार बनाउने, कुनै अनुच्छेद वा पाठ दिई त्यसबाट शब्दस्रोत छुट्याउन लगाउने, प्रस्तुतीकरण, अभ्यास, पुनर्लेखन्, पृष्ठपोषण, पुनः प्रयोगजस्ता रचनामुखी कार्य कक्षा शिक्षणमा पूर्ण रूपले कार्यान्वयन भएको पाइँदैन ।

*तालिका ४ :* **शब्दस्रोत शिक्षण**

| **कार्यकलाप** | **कक्षा अवलोकन** |
|---|---|
| पाठ/रचनाको उपयोग | - |
| परिचय, वर्गीकरण र उदाहरण | + |
| शब्दकोशको प्रयोग | - |
| प्रस्तुतीकरण अभ्यास | - |
| पृष्ठपोषण र पुनर्लेखन | - |
| पुनःप्रस्तुतिगत अभ्यास | - |
| शब्दको प्रकृति वा स्वरूपका आधारमा शब्दस्रोत पहिचान | + |

सङ्केत : (+) = हो/हुन्छ/छ, ( - ) = होइन/हुँदैन/छैन ।

**शब्दनिर्माण प्रक्रिया शिक्षण**

शब्दनिर्माणलाई शब्दव्युत्पादन वा शब्दबनोट पनि भनिन्छ । उपसर्ग, प्रत्यय, समास, द्वित्व, सन्धि जस्ता प्रक्रियाबाट शब्द निर्माण गरिन्छ । शब्दनिर्माणको शिक्षण गर्दा प्रकृति र प्रत्ययको योग, समास र विग्रह वा शब्दको द्वित्व स्थिति मात्र नदेखाई निर्मित शब्दहरूको अर्थ र वाक्यात्मक प्रयोगको स्थितिलाई पनि ध्यान दिनुपर्दछ । त्यसैले शब्दरचना शिक्षणमा रचनाका दृष्टिले विभिन्न प्रकृति र कार्यका दृष्टिले भिन्न भिन्न भूमिका रहेका शब्दहरू प्रयोग भएका गद्यांश वा अनुच्छेदहरू छनोट गर्नुपर्छ (पाठ्यक्रम विकास केन्द्र, २०६६, पृ. ३१) । विद्यार्थीलाई सूचीकृत सर्गबाट आधिकाधिक शब्द बनाउन उत्प्रेरित गराएर सर्ग शिक्षण गर्नुपर्दछ । समासको परिचय र प्रकारमा धेरै नअल्झाई अनुच्छेदबाट समस्त शब्द खोज्न लगाई तिनको विग्रह गर्न लगाउनुपर्दछ । विग्रह भएका शब्दलाई समास गर्न लगाई अभ्यास गराउनुपर्दछ । द्वित्व शब्द पनि अनुच्छेदबाट खोज्न लगाउने र तिनको आधार पद पत्ता लगाउन लगाउनुपर्दछ । सन्धि शब्दनिर्माण प्रक्रिया नभए पनि शब्दनिर्माण हुँदा ध्वनिमा आएको परिवर्तन पहिचान गर्न लगाई सन्धि शिक्षणलाई प्रभावकारी बनाउनुपर्छ । यसरी शब्दनिर्माण गर्दा अनुच्छेद, रचना वा पाठलाई आधार बनाई त्यसमा प्रयुक्त शब्दको निर्माण प्रक्रियाबारे आपसी छलफल, अभ्यास, प्रस्तुतीकरण र पृष्ठपोषणद्वारा शब्दनिर्माण शिक्षणलाई सफल, प्रभावकारी र रचनामुखी बनाउन सकिन्छ । शब्दनिर्माण प्रक्रियाका क्रममा कक्षा अवलोकनबाट प्राप्त नतिजालाई तालिका ५ मा प्रस्तुत गरिएको छ :

*तालिका ५ :* **शब्द निर्माण शिक्षण**

| **कार्यकलाप** | **कक्षा अवलोकन** |
|---|---|
| पाठ/रचनाको उपयोग | + |
| नियम, परिभाषा, वर्गीकरण | + |
| सन्दर्भमा आधारित रचना | + |
| व्याख्या, छलफल | + |
| प्रस्तुतीकरण, पृष्ठपोषण | + |
| पुनर्लेखन, पुनःप्रस्तुतीकरण | - |
| सूचीकृत शब्दबाट शब्द निर्माण | + |

सङ्केत : (+) = हो/हुन्छ/छ, ( - ) = होइन/हुँदैन/छैन ।

तालिका ५ अनुसार कक्षा अवलोकनका क्रममा प्रश्नावलीमा भनिएअनुसार अनुच्छेदलाई आधार बनाइएको पाइन्छ । अनुच्छेदका माध्यमबाट विभिन्न शब्दको निर्माण प्रक्रियाका बारेमा पर्याप्त अभ्यास र छलफल भने नभएको देखिन्छ । विद्यार्थीहरूलाई सन्दर्भ सापेक्ष रचना गर्न लगाउने, उक्त रचनामा प्रयुक्त शब्दको निर्माण प्रक्रियाबारे छलफल र प्रस्तुतीकरण गर्न लगाउने, कुनै पाठ वा अनुच्छेद शिक्षकले दिएर उक्त अनुच्छेदमा प्रयुक्त शब्दको निर्माण प्रक्रियाका बारेमा पर्याप्त छलफल, अभ्यास, पृष्ठपोषण, पुनर्लेखन, प्रस्तुतीकरणजस्ता रचनामुखी शब्दनिर्माण शिक्षण कार्य स्नातक तहको नेपाली व्याकरण शिक्षणमा निकै कम अर्थात् आधा सङ्ख्याभन्दा कम भएको देखिन्छ । अतः यस तहमा शब्दनिर्माण शिक्षण पाठ्यक्रमको मर्मअनुसार गर्नुपर्ने देखिन्छ ।

**वाक्यतत्त्वपरक शिक्षण**

भाषातत्त्वका खास पक्ष (लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाक्य, अकरण, प्रेरणार्थक आदि) वा वाक्यकोटीको अभ्यास र सिकाइ गर्न वाक्यतत्त्वपरक रचना शिक्षण उपयोगी हुन्छ । रचनामुखी व्याकरण शिक्षणको मूल प्रयोग क्षेत्र पनि वाक्यतत्त्वपरक रचना शिक्षण हो । यसका लागि कुनै एक कोटीमा आधारित भएर एक अनुच्छेद आफ्नै वा विविध गतिविधिको रचना गर्न लगाउने र त्यस्ता रचनालाई समानान्तर अर्को वाक्य कोटीको ढाँचामा परिवर्तन गर्ने अभ्यास गराउन सकिन्छ (अधिकारी, २०७०/०७१, पृ.५) । भाषिक शुद्धताको सही प्रयोगको सिप शब्द वा वाक्यको तहमा भन्दा रचनाको तहमा देखिने गर्छ । तसर्थ विद्यार्थीलाई कुनै वाक्य कोटीमा आधारित प्रसङ्गमूलक रचना वा अभिव्यक्तितर्फ उन्मुख गराई वाक्यतत्त्वपरक रचना शिक्षण गराउनु उपयुक्त हुन्छ । शब्दको रूप चलाउने सिप प्राप्त गरेका विद्यार्थीलाई वाक्यमा ती रूपको उपयोग गरी आख्यानात्मक, वर्णनात्मक र संवादात्मक अभिव्यक्तिका ससाना अनुच्छेदको रचना गर्न लगाउनुपर्छ (पाठ्यक्रम विकास केन्द्र, २०६६, पृ.१५४) । यसका लागि शिक्षकले नमुना अनुच्छेद उपलब्ध गराई त्यस्तै अर्को अनुच्छेद रचना गर्न लगाउने र उनीहरूको रचना प्रस्तुतीकरण गर्न लगाउने, वाक्यतत्त्वको प्रयोगावस्थाबारे छलफल गराउने, शिक्षकले आवश्यक टिप्पणी गरिदिने, पुनर्लेखन गराउने र पृष्ठपोषण गरिदिने गर्नाले विद्यार्थीमा वाक्यतत्त्वपरक रचनाकौशलको विकास हुन्छ । वाक्यतत्त्वपरक रचना शिक्षणका क्रममा कक्षा अवलोकनबाट प्राप्त नतिजालाई तालिका ६ मा प्रस्तुत गरिएको छ :

*तालिका* ६ : **वाक्यतत्त्वपरक रचना शिक्षण**

| **कार्यकलाप** | **कक्षा अवलोकन** |
|---|---|
| पाठ/रचनामा आधारित | - |
| नियम, परिभाषा उदाहरणमा आधारित | + |
| सैद्धान्तिक शिक्षण | + |
| प्रायोगिक शिक्षण | - |
| प्रस्तुतीकरण, अभ्यास उत्पादन | - |
| पुनर्लेखन, पुनःप्रस्तुतीकरण | - |
| व्याख्या, छलफल र प्रश्नोत्तर | + |
| छलफल र टिप्पणी | + |

सङ्केत : (+) = हो/हुन्छ/छ, ( - ) = होइन/हुँदैन/छैन ।

तालिका ६ अनुसार कक्षा अवलोकनका क्रममा वाक्यतत्त्वपरक शिक्षण गर्दा रचना वा अनुच्छेदमा आधारित शिक्षण कम अर्थात् आधा सङ्ख्याभन्दा थोरै र नियम, परिभाषा, उदाहरणमा आधारित शिक्षण बढी देखिन्छ । विद्यार्थी सङ्ख्या बढी भएका कक्षा (सरकारी संस्था) मा रचनामा आधारित शिक्षण कम भएको देखिन्छ । अतः यी तथ्याङ्क र छलफलका आधारमा स्नातक तहको वाक्यतत्त्वपरक रचना शिक्षण सैद्धान्तिक बढी र रचनामुखी कम भएको पाइन्छ ।

**वाक्यान्तरण शिक्षण**

एक प्रकारको वाक्यलाई अर्को प्रकारको वाक्यमा परिवर्तन गर्ने कार्य वाक्यान्तरण हो । यसमा कुनै काल, पक्ष, भाव, करण वा अकरण, वाच्य, प्रत्यक्ष वा अप्रत्यक्ष कथनमा भएको वाक्यसंरचनालाई अर्को वाक्यसंरचनामा परिवर्तन गरिन्छ (गौतम र अन्य, २०६९, पृ. ३८०) । अर्थात् पुलिङ्गी वाक्यलाई स्त्रीलिङ्गी, एकवचन जनाउने वाक्यसंरचनालाई बहुवचनमा, अप्रेरणार्थक वाक्यलाई प्रेरणार्थक आदि बनाइन्छ । भाषाका समग्र एकाइहरूको समन्वित रूप अनुच्छेद वा सङ्कथन भएकाले रचना वा सङ्कथनका माध्यमबाट वाक्यान्तरण गर्नु प्रभावकारी हुन्छ । साना कक्षाहरूमा वाक्यका तहमा केन्द्रित रहेर वाक्यान्तरण गरिन्छ तर माथिल्ला अर्थात् उच्च मा.वि. तथा स्नातक तहमा अनुच्छेदलाई आधार बनाइन्छ । रचना वा अनुच्छेदका तहमा पनि वर्णनात्मक, आख्यानात्मक र संवादात्मक रचनाहरू बढी उपयोगी हुन्छन् । यसो गर्दा अभ्यास पनि सन्दर्भहीन वाक्यमा नभएर सन्दर्भबद्ध अभिव्यक्तिमा हुने हुँदा यसमा विद्यार्थीहरू अझ बढी रुचि लिने हुन्छन् (पाठ्यक्रम विकास केन्द्र, २०६६, पृ. ६९) । वाक्यतत्त्वपरक रचना खास वाक्यकोटीमा आधारित रचना हुन्छ भने वाक्यान्तरण गर्दा त्यस्तो रचनालाई अर्को कोटीमा परिवर्तन गर्ने काम हुन्छ । त्यसैले यी एक अर्कासँग आबद्ध हुन्छन् । वाक्यपरिवर्तन गर्दा कर्ता, क्रियालगायतमा परिवर्तन गर्नुपर्ने हुन्छ । वाक्यान्तरण गरिएका रचनालाई कक्षामा सुनाउन लगाउने र तिनबारे आवश्यक टिप्पणी गरिदिने गर्नाले वाक्यान्तरण शिक्षण सफल र प्रभावकारी हुन्छ । रचनामुखी वाक्यान्तरण शिक्षणको मूल आशय पनि यही हो । वाक्यान्तरण शिक्षणका क्रममा कक्षा अवलोकनबाट प्राप्त नतिजालाई तलको तालिका ७ मा प्रस्तुत गरिएको छ :

*तालिका* **७** : **वाक्यान्तरण शिक्षण**

| **कार्यकलाप** | **कक्षा अवलोकन** |
|---|---|
| पाठ/रचनामा आधारित | + |
| नियम, उदाहरण र परिभाषामा आधारित | + |
| परम्परागत वाक्यमा आधारित | + |
| सान्दर्भिक रचनाको उपयोग | - |
| व्याख्या, छलफल र प्रश्नोत्तर | + |
| प्रस्तुतीकरण र पृष्ठपोषण | + |
| पुनर्लेखन, पुनःप्रस्तुतीकरण | - |

सङ्केत : (+) = हो/हुन्छ/छ, ( - ) = होइन/हुँदैन/छैन

तालिका ७ अनुसार कक्षा अवलोकनका क्रममा पनि रचना वा अनुच्छेदमा आधारित शिक्षणमा भन्दा वाक्यका आधारमा नियम, परिभाषा र उदाहरणका माध्मयबाट नै वाक्यान्तरण शिक्षण भएको देखिएको छ । पाठ्यक्रमको आशय र पाठ्यवस्तुको प्रकृति बोध नभएका शिक्षकहरूले माथिल्ला कक्षामा पनि सैद्धान्तिक शिक्षण गरेको दखिन्छ ।

अतः स्नातक नेपाली व्याकरणअन्तर्गत वाक्यान्तरण शिक्षणमा एकरूपता नभएको र शिक्षण परम्परागत सैद्धान्तिक किसिमको नै भएको देखिन्छ । रचनामुखी वाक्यान्तरण शिक्षणले पूर्णता प्राप्त गरेको पाइँदैन । स्नातक नेपाली पाठ्यक्रम (२०६९) र अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६) ले वाक्यान्तरण शिक्षणलाई रचनामुखी (सम्प्रेषणात्मक) तरिकाबाट गर्नुपर्ने निर्देशन गरेका छन् ।

**वाक्यसंश्लेषण शिक्षण**

दुई वा दुईभन्दा बढी वाक्यहरूलाई जोडेर एउटै वाक्य बनाउने प्रक्रिया वाक्यसंश्लेषण हो । संश्लेषण गरिएका वाक्य जटिल प्रकृतिका हुन्छन् । संश्लेषित वाक्यहरू संयुक्त, मिश्र वा असमापिका क्रियायुक्त जनुसुकै हुन सक्छन् (अधिकारी, २०६७, पृ.२८५) । वाक्यसंश्लेषणका विभिन्न तरिका हुन्छन् । तिनीहरूमा सरल वाक्यबाट सरल वाक्यमा संश्लेषण नामीकृत संश्लेषण, विशेषीकृत संश्लेषण र मिश्र वाक्यमा संश्लेषण मुख्य हुन् (गौतम र अन्य, २०६९, पृ.३८४) । वाक्यसंश्लेषण एकातिर व्याकरण शिक्षण र अर्कातिर बोध रचनाअन्तर्गत सङ्क्षेपीकरणसँग सम्बन्धित गराई शिक्षण गर्नु उपयुक्त हुन्छ । सरल वाक्यलाई विभिन्न संयोजक र असमापक क्रियाको ठिकसँग प्रयोग गरी जटिल वाक्य बनाउन अभ्यास गराउनु पर्छ । धेरै वाक्यको अर्थ एकै वाक्यमा घनीभूत पार्दा पुनरावृत्ति भएका शब्द वा पदावलीलाई हटाइन्छ । वाक्यसंश्लेषण क्षमताको विकासले सङ्क्षेपीकरण क्षमताको विकासमा समेत प्रत्यक्ष सहयोग पुग्छ (पाठ्यक्रम विकास केन्द्र, २०६६, पृ.१५५) । यसका लागि साना कक्षाहरूमा वाक्यका तहमा आधारित भई वाक्यसंश्लेषणको धारणा बसाल्न सकिन्छ भने माथिल्लो तहमा अनुच्छेदमा आधारित भई सङ्क्षेपीकरणसँग सम्बन्धित गराई वाक्यसंश्लेषणको अभ्यास गराउनुपर्दछ । यसो गर्दा वाक्यसंश्लेषणसँगै सङ्क्षेपीकरण क्षमताको विकास हुन्छ । गद्यांश वा पाठहरू वर्णनात्मक वा आख्यानात्मक प्रकृतिका छनोट गर्नु उपयुक्त हुन्छ । शिक्षकले गद्यांशको संश्लेषण गराउँदा विद्यार्थीलाई प्रस्तुतीकरण, अभ्यास, टिप्पणी र पृष्ठपोषणका साथ अन्तिम परिमार्जनका लागि पर्याप्त अवसर प्रदान गर्नुपर्दछ । यसबाट रचानामुखी वाक्यसंश्लेषण शिक्षणका लागि आधार निर्माण हुन्छ । स्नातक नेपाली पाठ्यक्रम (२०६९) र अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६) ले भने वाक्यसंश्लेषण शिक्षणका लागि बोध रचनाअन्तर्गत सङ्क्षेपीकरणसँग सम्बद्ध तुल्याएर एउटै वाक्यमा संश्लेषण गर्न लगाउनमा जोड दिएको छ । यसले रचना वा पाठ वा अनुच्छेदमा आधारित रचनामुखी शिक्षणमा जोड दिन्छ । वाक्यसंश्लेषण शिक्षणका क्रममा कक्षा अवलोकनबाट प्राप्त नतिजालाई तालिका ८ मा प्रस्तुत गरिएको छ :

*तालिका ८* : **वाक्यसंश्लेषण शिक्षण**

| **कार्यकलाप** | **कक्षा अवलोकन** |
|---|---|
| नियम, प्रयोग र अभ्यासका माध्यमबाट | + |
| सङ्क्षेपीकरणसँग सम्बद्ध तुल्याएर | - |
| शब्दनिर्माण प्रक्रियासँग आबद्ध गराएर | - |
| संश्लेषित वाक्य कक्षामा सुनाउन लगाएर | + |
| प्रस्तुतीकरण, अभ्यास र पुनर्लेखन गराएर | - |
| कक्षाकार्य र गृहकार्य दिएर | + |
| समूह कार्य र परियोजना कार्य गराए्र | - |
| व्याख्या, छलफल र प्रश्नोत्तर गराएर | + |
| रचना वा पाठलाई आधार बनाएर | + |

सङ्केत : (+) = हो/हुन्छ/छ, ( - ) = होइन/हुँदैन/छैन ।

तलिका ८ अनुसार कक्षा अवलोकनका क्रममा सङ्क्षेपीकरणसँग सम्बद्ध तुल्याएर वाक्यसंश्लेषण गरिएको पाइँदैन । बरु धेरै कक्षाहरू सरल वाक्यलाई विभिन्न संयोजक र असमापक क्रियाको प्रयोग गरी जटिल वाक्य बनाउन अभ्यास गराइएको पाइन्छ । शिक्षकबाट लिखित उत्तर हेरी टिप्पणी गरिदिने र पृष्ठपोषण दिने काम कम भएको, कक्षाकार्य, गृहकार्य, समूहकार्य कम भएको साथै परियोजना कार्य नभएको प्रतिक्रिया आएको छ । अतः अनिवार्य नेपाली विषयअन्तर्गत वाक्यसंश्लेषण शिक्षण पूर्णतः रचनामुखी हुन नसकेको र सैद्धान्तिक/परम्परागत रूपमा हुँदै आएको देखिन्छ । धेरै विद्यार्थी सङ्ख्या, शिक्षण सामग्रीको अपर्याप्तता जस्ता कारण शिक्षणमा यसो भएको पाइन्छ ।

## शिक्षण विधि तथा कार्यकलाप

रचनामुखी व्याकरण शिक्षणमा शिक्षण विधि तथा कार्यकलापलाई महत्त्वपूर्ण रूपमा लिइन्छ । विभिन्न कार्यमूलक र आधिकारिक सामग्रीको चयन गरी विद्यार्थीको आवश्यकता, स्तर, क्षमता, रुचि तथा पृष्ठभूमिगत योग्यताअनुसारका अभ्यासात्मक प्रक्रिया सञ्चालन गर्दै निदानात्मक एवम् प्रभावकारी रचनामुखी (सम्प्रेषणात्मक) शिक्षणका लागि शिक्षण विधि तथा कार्यकलापले गहन भूमिका खेल्छ । स्नातक अनिवार्य नेपाली पाठ्यक्रम (२०६९) ले पनि व्याकरण शिक्षण पाठ वा रचनामा आधारित हुनुपर्ने मान्यता राखेको छ र सोहीअनुसार प्रश्नोत्तर, छलफल, कक्षाकार्य, समूहकार्य, गृहकार्य, परियोजनाकार्य आदिमा जोड दिएको छ । पाठ्यक्रम र शिक्षण विधिका विषयमा भनिएको छ- ''वर्तमान पाठ्यक्रम सम्प्रेषणात्मक/रचनामुखी/प्रयोगात्मक प्रकृतिको भएकाले परम्परागत व्याख्यान विधिभन्दा छलफल, प्रश्नोत्तर, खोज, अन्तरक्रिया, प्रस्तुतीकरण, अभ्यास, कक्षाकार्य, समूहकार्य, परियोजना कार्य जस्ता विधि तथा कार्यकलापका माध्यमबाट व्याकरण शिक्षणलाई रचनात्मक, सिर्जनात्मक र व्यावहारिक बनाउनु आवश्यक छ'' (गौतम र अन्य, २०६९, पृ. भूमिका ग) । त्यसैगरी रचनामुखी व्याकरण शिक्षणका लागि परम्परागत नियम, परिभाषा, वर्गीकरण र उदाहरणमा केन्द्रित शिक्षणभन्दा प्रस्तुतीकरण अभ्यास र उत्पादनमा आधारित शिक्षणबाट व्याकरण शिक्षण सरल, जीवन्त र प्रभावकारी हुने मानिन्छ । यस्ता एकीकृत विधि (थ्रिपी मेथड) पाठ वा सन्दर्भमा आधारित भई व्याकरण शिक्षण गर्न उपयोगी हुन्छ ( थर्नबरी, सन् २००२, पृ.६९-१४०) । विद्यार्थीलाई व्याकरणिक पक्षसम्बद्ध रचना गर्न लगाउने, उक्त रचना शिक्षकले हेरिदिने, टिप्पणीका साथ पुनर्लेखन गर्न लगाउने गर्नुपर्छ । विद्यार्थीका राम्रा रचना

प्रस्तुतीकरण गर्न लगाई यथेष्ठ छलफल र अन्तरक्रियाका साथै पृष्ठपोषण दिने गर्नाले रचनामुखी व्याकरण शिक्षण भाषाकेन्द्रित हुन्छ (अधिकारी, २०७०/७१, पृ.५)। यसबाट व्याकरण शिक्षण यान्त्रिक वा रूढ नभई सरल, सिर्जनात्मक, स्थायी, सफल र जीवन्त बन्छ। व्याकरण शिक्षण विधि तथा कार्यकलापको प्रयोगका क्रममा कक्षा अवलोकनबाट प्राप्त नतिजालाई तालिका ९ मा प्रस्तुत गरिएको छ।

तालिका ९ अनुसार कक्षा अवलोकनबाट हेर्दा व्याकरण शिक्षणमा व्याख्या, छलफल, प्रश्नोत्तर जस्ता कार्य बढी भएको, कक्षाकार्य, गृहकार्य, समूह कार्य, अन्तरक्रिया, प्रस्तुतीकरण, पुनर्लेखन, टिप्पणी जस्ता कार्य कम भएको र परियोजना, समूहकार्य, सहकार्यकलाप, गीत, सङ्गीत, खेल जस्ता कार्य नभएको देखिन्छ। यसबाट स्नातक तहको व्याकरण शिक्षण अझै पनि परम्परागत रूपमा अघि बढेको, रचना वा पाठ केन्द्रित शिक्षण सिकाइ कम भएको तथा प्रस्तुतीकरण, अभ्यास, उत्पादन, पुनर्लेखन, पृष्ठपोषणजन्य रचनात्मक शिक्षण विधिको प्रयोग अत्यन्त कम भएको तथ्याङ्कले देखाएका कारण व्याकरण शिक्षण पूर्णतया रचनामुखी हुन नसकेको देखिन्छ।

*तालिका* ९ : **व्याकरण शिक्षण विधि तथा कार्यकलाप**

| **कार्यकलाप** | **कक्षा अवलोकन** |
|---|---|
| व्याख्या, छलफल, प्रश्नोत्तर | + |
| अन्तरक्रिया, समूहकार्य | + |
| परियोजना कार्य प्रस्तुतीकरण | - |
| टिप्पणी पुनर्लेखन | + |
| नियम, उदाहरण, वर्गीकरण | + |
| एकीकृत विधिको प्रयोग | - |
| सापेक्ष पाठ/रचनाको प्रयोग | + |
| पुनःप्रस्तुतीकरण | - |
| रचनाको सङ्कलन र पुनःप्रयोग | - |

सङ्केत : (+) = हो/हुन्छ/छ, ( - ) = होइन/हुँदैन/छैन।

## शैक्षणिक योजना

योजनाबद्ध शिक्षण, निरन्तर मूल्याङ्कन, शिक्षण विधिमा विविधता, भाषिक समझको उपयोग, स्तरण तथा क्रमबद्धता, नियमितता र सहभागिता आदि भाषा शिक्षणका सिद्धान्त हुन्। रचनामुखी शिक्षणले रचनात्मक तथा सुधारात्मक सिकाइको अपेक्षा गर्छ। यसका लागि दैनिक, एकाइगत, वार्षिक, मासिकजस्ता शैक्षणिक योजनाको आवश्यकता पर्दछ। योजनाबद्ध शिक्षणले सिकाइ गतिशील, प्रभावकारी र सफल बन्छ। उद्देश्यको निर्धारण, सामग्रीको चयन, शिक्षण विधिमा विविधताको प्रयोग, मूल्याङ्कनमा विविधता जस्ता शैक्षणिक योजनाका आवश्यक पक्षहरूको निरन्तर प्रयोगबाट रचनामुखी शिक्षणले सफलता पाउँछ। पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य परिपूर्ति गर्न, भाषिक सिप तथा पक्षको विकास गर्न, उपयुक्त भाषा सिकाइ वातावरणको निर्माण गर्न शैक्षणिक योजना महत्त्वपूर्ण हुन्छ। रचनामुखी व्याकरण शिक्षणका सन्दर्भमा उचित पाठ वा गद्यांशको निर्माण गराउन, व्याकरणका

पक्ष/पाठ्यवस्तु अनुकूलको सान्दर्भिक रचना निर्माण गर्न, सो रचनामा भाषातत्त्वका खास पक्षको पहिचान गराउन, शिक्षकले आवश्यक टिप्पणी गरिदिन, पुनर्लेखन गरी प्रस्तुतीकरण गराउन र भाषिक सिपसँगै व्याकरणिक सुझको विकास गराउन विभिन्न प्रकृतिका शैक्षणिक योजना आवश्यक पर्छ। शैक्षणिक योजनाको निर्माण र प्रयोगबाट भाषा शिक्षणले सफलता हासिल गर्छ। साथै शिक्षक विद्यार्थीलाई सकारात्मक आत्मप्रतिबिम्बन प्राप्त हुन्छ।

छनोटमा लिइएका धेरै शिक्षकहरूले दैनिक, एकाइगत र मासिक योजना नबनाई शिक्षण गरेको देखिन्छ। वार्षिक योजनाबिना पनि शिक्षण गरेको धारणा पाइन्छ। कक्षा अवलोकन (मिति २०७६।१२।०४) का आधारमा हेर्दा पनि सबै शिक्षकहरूको कुनै पनि पाठयोजना लिखित रूपमा तयार भएको देखिँदैन। मौखिक वा अनुमानित योजनाका आधारमा शिक्षण भएको देखिन्छ। समयको कमी र नबनाउने प्रवृत्ति तथा प्रशासनको फितलो नियमनका कारण पाठयोजना लिखित रूपमा आउन नसकेको शिक्षकको धारणा देखिन्छ। जनप्रियलगायत केही क्याम्पसहरूमा बनाइएको वार्षिक शैक्षणिक योजनाले निरन्तरता पाउन सकेको देखिँदैन। शिक्षकले पढाउने र विद्यार्थीले पढ्ने सन्दर्भमा तालमेल मिलेको पाइँदैन। अतः स्नातक तहको नेपाली व्याकरण शिक्षण योजनाबद्ध रूपमा व्यवस्थित हुन नसकेको देखिन्छ।

**शिक्षण/अनुपूरक सामग्रीको निर्माण र उपयोग**

रचनामुखी (सम्प्रेषणात्मक) शिक्षण अभ्यास तथा अन्तरक्रिया केन्द्रित अवधारणा हो। पठन क्षमताको अभिवृद्धि गर्न, शब्दभण्डार क्षमताको विकास गर्न, संरचनात्मक अनुभव वृद्धि गर्न, विधागत सङ्गठन तथा शैलीको अनुभव बढाउन तथा व्यक्तित्व विकास गर्न, भाषा शिक्षणमा शिक्षण सामग्रीको उपयोगिता रहन्छ। शिक्षण सामग्रीका रूपमा श्रव्य, दृश्य, पाठ्य, स्पर्श्य, सामग्रीका साथै पूरक पाठ्यपुस्तक, अभ्यास पुस्तिका, शिक्षक निर्देशिका, पत्रपत्रिका, रेडियो, टेलिभिजन, भाषा प्रयोगशाला, शिक्षक तथा विद्यार्थीका लिखित मौखिक रचना आदिलाई लिन सकिन्छ। रचनामुखी व्याकरण शिक्षणका लागि अनुपूरक सामग्रीको निर्माण र प्रयोगका सन्दर्भमा विद्यार्थीका लिखित, मौखिक रचना, गद्यांश प्रस्तुतिका लागि प्रोजेक्टर, पत्रपत्रिकाका लिखित सन्दर्भ सामग्री, पाठपत्र अभ्यास पुस्तिका आदिलाई लिन सकिन्छ। यस्ता सामग्रीका माध्यमबाट खास व्याकरणजन्य पक्षसँग सम्बन्धित पाठ्यवस्तुअनुकूलका सामग्री खोज्न, रचना गर्न, प्रस्तुतीकरण गर्न, टिप्पणी गर्न, पुनर्लेखन गर्न, पुनः प्रयोग गर्न सजिलो हुन्छ। धेरै कक्षा भएर रचनामुखी शिक्षण गर्न कठिन हुने अवस्थामा पनि यस्ता सामग्रीको निर्माण र प्रयोग गर्ने हो भने शिक्षण सिकाइ सरल, प्रभावकारी, दिगो र सफल हुन्छ। रचनात्मक सिकाइका निम्ति समय, साधन र स्रोतको अधिकतम उपयोग भई भाषा शिक्षणले गति प्राप्त गर्छ।

कक्षा अवलोकनका क्रममा शिक्षकहरूले पाठ्यक्रम पाठ्यपुस्तक तथा दैनिक प्रयोगका सामग्री मात्र प्रयोग गरेर स्नातक तहको नेपाली व्याकरण शिक्षण गरेको देखिन्छ। रचनामुखी व्याकरण शिक्षणका लागि रचना वा गद्यांशको प्रयोग पनि पाठ्यपुस्तकबाट नै लिएको पाइन्छ। विद्यार्थीका प्रसङ्गमूलक रचना तथा गद्यांशको प्रयोग भएका अन्य रचनाको प्रयोग भएको पाइँदैन। विद्यार्थीका प्रसङ्गमूलक रचना वाक्यको तहमा केन्द्रित देखिन्छन् साथै सबै कक्षामा अनुच्छेदको तहसम्म पुग्न सकेको पाइँदैन। विद्यार्थीलाई सन्दर्भपूर्ण रचना तयार गर्न लगाउने र सोका आधारमा भाषातत्त्व शिक्षण गर्ने, रचनाको प्रस्तुतीकरण, छलफल, टिप्पणी र पुनर्लेखनको अभ्यास भएको व्याकरण शिक्षणमा न्यून देखिन्छ। यस तथ्यका आधारमा स्नातक तहको नेपाली व्याकरण शिक्षण सामग्रीका कोणबाट हेर्दा शिक्षण कार्य पूर्ण

रचनामुखी बनेको पाइँदैन । परम्परागत व्याख्यान विधिको अधिकता देखिन्छ । रचनामुखी शिक्षणका लागि यस तहमा आवश्यकतानुसार सन्दर्भ पुस्तक, गीत, सङ्गीत, खेल, पाठजस्ता सामग्रीको प्रयोग जरुरी हुन्छ ।

**मूल्याङ्कनको उपयोग**

पाठ्यक्रममा निर्दिष्ट उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्ने माध्यम मूल्याङ्कन हो । मूल्याङ्कनलाई निर्माणात्मक, निदानात्मक र निर्णयात्मक गरी मुख्य तीन प्रकारका मानिएको छ । मूल्याङ्कनका लिखित, मौखिक तथा प्रयोगात्मक माध्यम हुने गर्छन् । रचनामुखी व्याकरण शिक्षणमा मूल्याङ्कनलाई अनिवार्य मानिन्छ । यस्तो शिक्षणमा निदानात्मक मूल्याङ्कनलाई बढी उपयोगमा ल्याइन्छ । यसका लागि कक्षाकार्य, गृहकार्य, एकाइ परीक्षा, मासिक परीक्षा, त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षालगायतको उपयोग गरी रचनामुखी शिक्षणलाई प्रभावकारी बनाउन सकिन्छ । व्याकरणमा कुनै पक्ष वा खास पक्ष कोटीमा आधारित रचना विद्यार्थीलाई तयार गर्न लगाउने, विद्यार्थीका रचना शिक्षकले हेरिदिने, सच्याइदिने, सुझाव दिने, फेरि लेख्न लगाउने, पुनः टिप्पणी गरिदिने, तथा पुनः परिष्कार गर्न लगाई कक्षामा सुनाउन लगाउने, व्यक्तिगत, सामूहिक र समूहगत रूपमा अभ्यास गराउने, पृष्ठपोषण दिने लगायतका शिक्षण प्रक्रियामा मूल्याङ्कनलाई आधार बनाइन्छ (अधिकारी, २०७०/७१, पृ.४) । एकाइ परीक्षा, मासिक परीक्षा, त्रैमासिक परीक्षामा पनि भाषातत्त्वको शिक्षण र मूल्याङ्कन रचनाकेन्द्री आधारमा गर्नु उपयुक्त हुन्छ । निरन्तर मूल्याङ्कन भाषा शिक्षणको एक सिद्धान्त पनि हा । शिक्षण र मूल्याङ्कन एक अर्काका परिपूरक कार्य हुन् । रचनामुखी शिक्षणले निरन्तर मूल्याङ्कनको अपेक्षा गर्छ ।

कक्षा अवलोकनका क्रममा मूल्याङ्कनको प्रयोग निरन्तर भएको पाइँदैन । कक्षाकार्य र गृहकार्य नियमित भएको पाइँदैन । विद्यार्थीका व्याकरणसापेक्षित रचना हेरिदिने, सुझाव दिने, पुनर्लेखन गराउने, प्रस्तुतीकरण गराउने र आवश्यक पृष्ठपोषण दिनेजस्ता कार्य व्याकरण शिक्षणमा प्रभावकारी बनेको देखिँदैन । अतः स्नातक तहमा व्याकरण शिक्षणका लागि गरिने मूल्याङ्कन कार्य पूर्ण प्रभावकारी र स्तरीय बन्न सकेको देखिँदैन । अर्थात् स्नातक तहको नेपाली व्याकरण शिक्षणमा गरिने मूल्याङ्कन परम्परागत सैद्धान्तिक रूपमै भएको देखिन्छ । मूल्याङ्कनलाई अन्तरक्रियात्मक बनाउन आवश्यक छ ।

## प्राप्ति र छलफल

कक्षा अवलोकन उपकरणका माध्यमबाट प्राप्त नतिजाका आधारमा छलफल गर्दा स्नातक तहको नेपाली व्याकरण शिक्षण पाठ र सन्दर्भतर्फ उन्मुख देखिन्छ । व्याकरण शिक्षण सिकाइका क्रममा सिकाइलाई पाठ र सन्दर्भमा आधारित बनाउने, विद्यार्थीसँग प्रशस्त अन्तरक्रिया गर्ने, भाषातत्त्वसम्बद्ध रचना तयार गर्न लगाई कक्षामा प्रस्तुतीकरण, अभ्यास र उत्पादनका आधारमा व्याकरण शिक्षण गर्ने कार्य आधाभन्दा बढी शिक्षकले गरेको पाइन्छ । कक्षा अवलोकनका आधारमा पनि यही तथ्य पुष्टि हुन्छ । हुन त, धेरै अर्थात् आधाजति कक्षाहरूमा व्याकरण शिक्षणलाई नियम, परिभाषा र उदाहरण केन्द्रित बनाइएको, शिक्षण विधि र सामग्रीमा विविधता र सिर्जनात्मकता नदेखिएको, निरन्तर मूल्याङ्कन र योजनाबद्ध शिक्षण तथा शिक्षार्थी केन्द्रित सिकाइ नभएको भन्ने धारणा वा मत आए पनि अनुसन्धानबाट प्राप्त नतिजाबाट स्नातक तहको व्याकरण शिक्षण पाठ र सन्दर्भकेन्द्रित नै देखिन्छ । थर्नबरी (सन् २००२, पृ.८३), अधिकारी (२०७०/०७१, पृ. ५), शर्मा (२०७७, पृ. ११२) ले पनि स्नातक तहको व्याकरण शिक्षणलाई पाठ र सन्दर्भमा आधारित बनाउन उपयुक्त हुने मान्यता राखेको पाइन्छ ।

स्नातक तहको नेपाली व्याकरण शिक्षण गर्ने क्रममा व्याकरणको पाठ्यवस्तुअनुसार हरेक पाठ्यवस्तुलाई पाठ र सन्दर्भमा आधारित बनाउनुपर्ने प्रस्ताव स्नातक तहको नेपाली निर्देशिका (२०६६) र स्नातक नेपाली पाठ्यक्रम (२०६९) ले गरेको छ । यस प्रस्तावअनुसार कक्षा शिक्षणका क्रममा सबै कक्षाहरू रचनामुखी बनेको देखिँदैन । शिक्षणका क्रममा समूह वा व्यक्तिकेन्द्रित शिक्षण गर्ने, भाषा र व्याकरणलाई एकीकृत रूपमा शिक्षण गर्ने, विद्यार्थीका पूर्व र वर्तमान घटनामा आधारित सन्दर्भ कक्षामा सुनाउन लगाई तिनलाई व्याकरणका पाठ्यवस्तुसँग जोड्ने, प्रस्तुतीकरण, पृष्ठपोषण, उत्पादन र पुनर्प्रस्तुतीकरण जस्ता कार्यबाट व्याकरण शिक्षणले जीवन्तता पाउँछ भन्ने तथ्यलाई आधाभन्दा बढी शिक्षकले ख्याल गरेको देखिन्छ तर सबै कक्षामा यसको उपयोग भएको देखिँदैन । कक्षा अवलोकनका क्रममा प्राप्त तथ्यबाट पनि स्नातक तहको नेपाली व्याकरण शिक्षण पूर्णतः रचनामुखी अन्तरक्रियात्मक र विद्यार्थीकेन्द्रित बन्न नसकेको पाइन्छ । स्नातक तहको नेपाली पाठ्यक्रमको उद्देश्य अनुकूल बनाउन शिक्षक तथा विद्यार्थी दुवैको तत्परता र चिन्तन आवश्यक देखिन्छ । माथिल्ला तहको व्याकरण शिक्षणलाई प्रकार्यपरक र व्यावहारिक बनाउनुपर्नेमा पौडेल (२०७०/७१, पृ. ७), अधिकारी (२०७०/७१, पृ. ४), वस्ती (२०७४), थर्नबरी (सन. २००२), शर्मा (२०७७, पृ. ११३) ले पनि जोड दिएका छन् । व्याकरण शिक्षणलाई सरल र सन्दर्भ सापेक्ष बनाउन पनि रचनामुखी शिक्षण महत्त्वपूर्ण रहेको देखिन्छ ।

यसर्थ प्रस्तुत अनुसन्धानबाट त्रि.वि.अन्तर्गत स्नातक तहको नेपाली व्याकरण शिक्षण पाठ र सन्दर्भ उन्मुख भए पनि अपेक्षाकृत रचनामुखी बन्न सकेको देखिँदैन । अनुसन्धानमा थर्नवरी (सन् २००२) रिचर्डस एन्ड रोजर्स (सन् २००७) फ्रिमेन एन्ड एन्डर्सन (सन् २०११) अधिकारी (२०७०) को व्याकरण शिक्षणमा पाठ र सन्दर्भको उपयोग सिद्धान्तको पूर्ण उपयोग गरिएको छ । अतः भाषालाई विमर्शका रूपमा लिई भाषा र व्याकरणलाई एकीकृत रूपमा शिक्षण सिकाइ गर्नाले भाषिक सिप तथा व्याकरण पक्षको विकास हुन्छ भन्ने मान्यता अनुसन्धानले राखेको छ ।

## निष्कर्ष

रचना, पाठ वा गद्यांशका आधारमा व्याकरण शिक्षण गर्ने नवीनतम पद्धति/विधिका रूपमा रचनामुखी व्याकरण शिक्षणलाई  लिइन्छ । यसका लागि त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तहको व्याकरण पाठ्यक्रमका पाठ्यवस्तु/पक्ष (अक्षर संरचना, वर्णविन्यास, शब्दस्रोत, वाक्यतत्त्वपरक रचना, वाक्यतत्त्वरक अभिव्यक्ति, वाक्यान्तरण, वाक्यसंश्लेषण) र पाठ्यक्रमका तत्त्व (उद्देश्य, सामग्री, विधि, मूल्याङ्कन) का आधारमा रचना/पाठमा केन्द्रित भई रचनामुखी व्याकरण शिक्षण प्रक्रियाको अवस्था खोजी गरिएको छ । कक्षा अवलोकनबाट प्राप्त तथ्य तथा र अनिवार्य नेपाली शिक्षण निर्देशिका (२०६६) स्नातक तहको नेपाली पाठ्यक्रम (२०६९) का आधारमा स्नातक नेपाली व्याकरण शिक्षणलाई रचनामुखी बनाउने भनिए पनि सोअनुकूल सफल हुन सकेको देखिँदैन । भाषातत्त्वका हरेक पक्षको शिक्षणमा पाठ/रचनालाई पूर्णतः आधार बनाइएको पाइँदैन । भाषातत्त्वअनुकूल सन्दर्भमूलक पाठ/रचना तयार गर्न लगाउने, उक्त रचनाभित्र भाषातत्त्वका खास पक्ष पहिचान गर्न लगाउने, विद्यार्थीद्वारा रचित रचना कक्षामा सुनाउन लगाउने, उक्त रचनामा आधारित भई प्रशस्त छलफल, अन्तरक्रिया गर्ने, शिक्षकले विद्यार्थीका रचना हेरी सुधारका लागि अभ्यास गराउने, सुधारिएको रचना कक्षामा सुनाउन लगाउने, शिक्षकले उक्त कार्य हेरी टिप्पणी र पृष्ठपोषण दिने जस्ता रचनामुखी शिक्षण कार्यकलाप उक्त तहमा प्रभावकारी र पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेका छैनन् । भाषा र व्याकरणलाई एकीकृत रूपमा सिकाउने कार्य प्रभावकारी हुन सकेको देखिँदैन । व्याकरण शिक्षण परम्परागत नियम, परिभाषा र

वर्गीकरणमुखी (सैद्धान्तिक) देखिन्छ । व्याकरण शिक्षणलाई पूर्णरूपमा रचनामा केन्द्रित, व्यावहारिक र सिर्जनात्मक बनाइएको पाइँदैन । माथिल्ला तहमा व्याकरण शिक्षणलाई सैद्धान्तिकभन्दा रचनामुखी/व्यावहारिक बनाउनुपर्छ भन्ने भाषा शिक्षणको मान्यता यस तहमा पूर्णरूपमा उपयोग भएको पाइँदैन । अतः स्नातक तहको नेपाली व्याकरण शिक्षणलाई रचनामुखी बनाउन आवश्यक देखिन्छ । व्याकरण शिक्षणमा रचनामुखी विधिको उपयोग सम्बन्धमा रुचि राख्ने अध्येताका लागि प्रस्तुत अध्ययन उपयोगी रहेको छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *प्रयोगात्मक नेपाली व्याकरण* , साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०७०/७१), भाषा शिक्षणका लागि रचनामुखी व्याकरणको खोजी, *शिक्षाशास्त्र सौरभ,* संयुक्ताङ्क. *१७*/१८, १-६ ।

गौतम, देवीप्रसाद; भण्डारी, पारसमणि र ओझा, रामनाथ (२०६९), *स्नातक नेपाली,* पिनाकल पब्लिकेसन ।

पाठ्यक्रम विकास केन्द्र (२०६६), *अनिवार्य नेपाली शिक्षण निर्देशिका.* नेपाल सरकार ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), *स्नातक नेपाली पाठ्यक्रम,* त्रिभुवन विश्वविद्यालय ।

पौडेल, माधवप्रसाद (२०७०/७१), व्याकरण शिक्षण : चुनौती र सम्भावना, *शिक्षाशास्त्र सौरभ,* संयुक्ताङ्क *१७*/१८, पृ. ७-१० ।

बन्धु, चूडामणि (२०५७), *भाषाविज्ञानका सम्प्रदाय,* एकता बुक्स ।

वस्ती, शरच्चन्द्र (२०७४ असोज २), यसरी हुन्छ व्याकरण कक्षा रमाइलो, कसरी सिकाउने व्याकरण ? सन्दर्भसँग जोडेर !, *Shikshakmasik.com/3343/ esewa.com.np* ।

शर्मा, विष्णुप्रसाद (२०७७), *नेपाली भाषाशिक्षणमा रचानामुखी व्याकरण शिक्षणको उपयोग,* [अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध], नेपाल खुला विश्वविद्यालय ।

शर्मा, विष्णुप्रसाद (२०८१ ), *रचानामुखी व्याकरण : अवधारणा र अभ्यास,* सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

सुवेदी, केशव ; पौडेल, शालिकराम र तिवारी, प्रेमप्रसाद (२०७२), *अनिवार्य नेपाली,* अस्मिता बुक्स पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

Best, J. W. and Kahn, J. V. (2001). *Research in Education*. Prentice Hall of India Private Limited.

Creswell, J. W. (2014). *Research Design.* SAGE Publication LTD.

Freeman, D. L. and Anderson, M. (2011). *Techniques &Principles in Language Teaching.* Oxford University Press.

Richards, J. C. and Rodgers, T. S. (2007). *Approaches and Methods in Language Teaching* (Reprinting), Cambridge University Press.

Thornbury, S. (2002). *How to Teach Gramma,* Fourth Impression. Pearson Education Limited, Edinburgh Gate.